# नेपाल विद्युत प्राधिकरण

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं

## ४०औं वार्षिकोत्सव समारोह प्रबन्ध मूल-समिति २०८२

## अतिरिक्त कियाकलाप उप-समिति

# कविता प्रतियोगिता सञ्चालन उप-समिति

मितिः २०८२/०४/०८

## *कविता प्रतियोगिता सञ्चालन हुने बारेको सूचना*

नेपाल विद्युत प्राधिकरणको ४०औं वार्षिकोत्सवका उपलक्ष्यमा निम्न मिति, समय र स्थानमा हुने कविता प्रतियोगिताका लागि देहायका नियमहरुको अधीनमा रही कविता पठाउनु हुन नेपाल विद्युत प्राधिकरणमा कार्यरत इच्छुक बहालवाला कर्मचारीहरुलाई सादर अनुरोध गरिएको छ ।

### *नियमहरु:*

१. कविता नेपाली भाषामा लेखिएको, मौलिक र अन्त कतै प्रकाशित/प्रसारित नभएको हुनुपर्नेछ ।

२. कविता प्रीति वा कालिमाटी फन्टमा टाइप गरी पठाउन सकिनेछ ।

३. प्रतियोगीहरुले पद्यलयात्मक वा गद्यलयात्मक कविताहरु प्रतियोगिताका लागि प्रेषित गर्न सक्नेछन् ।

४. कविताका अन्य उपविधाहरु जस्तै मुक्तक, गीत, गजल आदि लाई पनि प्रतियोगी कविता भनेर पठाउने गरिएको पाइएकोले त्यस्ता रचनाहरु नपठाउनु हुन अनुरोध गरिएको छ ।

५. कविता पठाउँदा ४० औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कविता प्रतियोगिताका लागि प्रेषित कविता भन्ने वाक्यको अनिवार्य रुपले प्रयोग गर्नुपर्नेछ ।

६. कविताको अधिकतम शब्दसीमा २०० तोकिएको छ ।

७. कविता लेखनका लागि स्वतन्त्र रुपले शीर्षक चयन गर्न सकिनेछ । तर प्रतियोगी कवितामा राष्ट्रियता, सार्वभौम सत्ता, अखण्डता, स्वाधीनता जस्ता आधारभूत संवैधानिक मूल्यका विरुद्धमा अभिव्यक्ति दिन र व्यक्तिगत वा संस्थागत गाली गलौज गर्न पाइने छैन ।

८. कविता पठाउँदा आफ्नो नाम, ठेगाना, कार्यरत कार्यालयको नाम, मोबाइल नम्बर उल्लेख गरी हालसालै खिचिएको फोटोसमेत संलग्न राखी पठाउनु हुनेछ ।

९. कविता तल उल्लेखित विद्युतीय ठेगानामा मिति २०८२ श्रावण १८ गते आइतबार रातको १२:०० बजेभित्र प्राप्त भइ सक्नुपर्ने छ । समय सीमा नाघी प्राप्त हुने कविताहरु स्वीकार गरिने छैनन् ।

१०.प्राप्त कविताहरुलाई समसामयिकता, मौलिकता, कल्पना पक्ष, लेखन शैली, भाव, लय, विम्ब/प्रतीक/अलङ्कार/मिथक आदिको प्रयोग, नवीन कथ्य, भाषिक शुद्धता, शब्द सीमाको परिपालना, वाचन कला, प्रभाव आदिका आधारमा विज्ञ निर्णायक समूहबाट मूल्याङ्कन गराइने छ ।

### *कार्यक्रम:*

कविता वाचन हुने मिति र समय : २०८२ श्रावण २३ गते, शुकबार, दिनको १:३० बजेदेखि

स्थानः ने.वि.प्रा. प्रधान कार्यालयको रुफ टप हल

कविता पठाउने ठेगानाः **neapoem@gmail.com**

सम्पर्क नं.हरु : ९८४१५४८४२५, ९८४१३६३३२५, ९८५७०३७५८३, ९८४१३३७७७२, ९८४३०५१४५०

विष्णु प्रसाद आचार्य

संयोजक